**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**
**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १०६
पुनरावेदन नं. ९७–०७४-RB-००२६
**मुद्दाः– अग्रिम कर (२०६७/०६८) ।**

| | |
|---|---|
| जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २ लाजिम्पाटस्थित एभरेष्ट बैंक लिमिटेड (स्थायी लेखा नं. ५०००६१९०३) को तर्फबाट ऐ. का अधिकार प्राप्त सहायक महाप्रबन्धक केशव राज पौडेल..............................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...................................... १ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अञ्जन भट्टराई
**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः  नि.प्रमुख कर अधिकृत श्री गोपालप्रसाद घिमिरे
शुरु कर्यालयको निर्णय मितिः–२०७२/०६/२९

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा
निर्णय मितिः २०७२।११।२६

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७२।०६।२९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. यसमा करदाता एभरेष्ट बैंकको आ.व. २०६७।०६८ को पूर्ण कर परक्षिण गर्ने क्रममा त्यस लिमिटेडले आयकर ऐन २०५८ बमोजिम अग्रिम कर कट्टि गरी भुक्तानी गर्नुपर्नेमा सो गरेको नदेखिएको हुँदा तपसिलमा उल्लेखित शिर्षकमा दाखिल गर्नुपर्ने व्याज र शुल्क समेत गरी जम्मा रु. २०१६४९४।- दाखिल गर्न आयकर ऐन २०५८ को दफा ९०(८) बमोजिम सूचना जारी गर्ने गरी मिति २०७२।६।२९ मा आएको प्रारम्भिक कर निर्धारण आदेश ।

**तपसिल**

| विवरण | खर्च रकम | करको दर (प्रतिशत) | अग्रिम करकट्टि हुनुपर्ने रकम | अग्रिम कर कट्टी भएको रकम | अग्रिम कर कट्टिमा नपुग रकम | दफा ११९ बमोजिमको व्याज | दफा १२०(क) अनुसारको शुल्क | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| ले.प.खर्च | | | ७९४२।- | | ७९४२।- | ५०६३।- | ३९७१।- | १६९७६।- |
| पारिश्रमिक | | | ८२८१६३।- | | ८२८१६३। | ५२७९५३ | ४१४०८१।- | १७७०१९७। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | - | ।- | | - |
| कर्मचारी खर्च विभिन्न शिर्षक | | | ४९०३५।- | | ४९०३५।- | ३१२५९।- | २४५७१।- | १०४८११।- |
| रकम ढिला दाखिला व्याज | | | | | | | ७००००।- | ७००००।- |
| घरबहाल खर्च | | | २५२०५।- | | २५२०५।- | १६२५७।- | १२७५१।- | ५४५१०।- |
| | **जम्मा** | | | | | | | २०१६४९४ |

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।६।१ मा करदाताको नाममा जारी भएको सूचना मिति २०७२।६।१२ मा बुझिलएको देखिन्छ ।

३. करदाताले मिति २०७२/६/१२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७२/६/२२ मा पेश गरेको देखिन्छ ।

४. यस कार्यालयबाट च.नं. १८ मिति २०७२।५।२४ को पत्रमा उल्लेख भएको अगिरम कर कट्टी सम्बन्धमा कुनै परिवर्तन गर्नुपर्ने देखिएन । उक्त पत्रमा उल्लेख भएको अग्रिम कर कट्टी वापतको रकम जम्मा रू. २०१६४९४।- करदाताबाट माग गर्ने गरी ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट मिति २०७२।९।२९ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/०६/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी एभरेष्ट बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०८/२७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. यसमा करदाताबाट लेखापरीक्षणमा खर्च, पारिश्रमिक कर्मचारी खर्च विभिन्न शिर्षक करकट्टी रकम ढिला दाखिलामा व्याज, घर बहाल खर्चमा अग्रिम कर दाखिला नगरेको हुँदा करदाताबाट रू. २०१६४९४।- अग्रिम कर असुल उपर गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय सदर हुने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/११/२६ मा भएको निर्णय ।

७. उल्लेख गरिएका विभिन्न आधार बुँदाबाट प्रत्यर्थी कार्यालयबाट मिति २०७२।६।२९ मा जारी गर्नु भएको अग्रिम कर दाखिला गर्ने भनी जारी गर्नु भएको आदेश तथा

निर्णय एवं विभागको मिति २०७३।११।२६ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/४/१६ मा पुनरावेदन पत्र दर्ता भएको ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१०/०७/२ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता सुरज श्रेष्ठले अग्रिम करकट्टी तर्फ महिला कर्मचारीलाई दिएको १० प्रतिशत कर छुट, कर्मचारीको पोशाक एवं लेखापरीक्षण शुल्कमा कर कट्टी गर्नुपर्ने अग्रिम कर सम्बन्धमा प्रचलित आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ९० बमोजिम कट्टी गर्नुपर्नेमा कट्टी गरी दाखिला गरेको र कट्टी नै नगर्नु पर्ने शीर्षकमा मात्र कट्टी नगरिएकोमा सवै शीर्षकमा कर कट्टी गर्नुपर्ने भनी कर, ब्याज, शुल्क समेत माग दावी गरेको प्रचलित कानून विपरीत हुनुको साथै प्रत्यर्थी बाट भएका अग्रिम कर कट्टी सम्बन्धि आदेश मनोगत र आत्मनिष्ठ आधारमा भएकाले बदरभागी छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो ।

११. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान सरकारी वकिल अञ्चन भट्टराई ले दम्पतिको छुट प्राप्त गरी पुन मलिा छुट माग गर्नु कानूनको मर्म अनुकुल नभएको, आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम सवै प्रकारका प्राप्ती आयमा समावेश हुनु पर्ने देखिएको र लेखापरीक्षण पारिश्रमिक स्वरुप भुक्तानी लिईएको सवै रकममा अग्रिम कर कट्रटी गर्नुपर्ने कानूनी ब्यबस्था रहेको जिकीर प्रस्तुत गर्नु भयो ।

१२. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी हेर्दा

१३. आयकर ऐन, २०५८ को परिच्छेद – १७ भुक्तानीमा कर कट्टी अन्तर्गत दफा ८७, ८८ र ८९ बमोजिम रोजगारदाता वा भुक्तानी दिने दायित्व भएका ब्यक्तिले भुक्तानी दिदा तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजश्व खातामा दाखिला गर्नुपर्ने प्रावधान रहेकोमा तोकिएको दरले कर कट्टी नगर्ने, कर कट्टी गरेको मध्ये आंशिक रकम मात्र दाखिला गर्ने, विलम्ब गरी दाखिला गर्ने गरेको देखिएमा सम्बन्धित कर प्रशासनले लेखापरीक्षण गर्दा प्राप्त तथ्याकंका आधारमा कट्टा नगरेको हकमा कट्टी गर्न लगाउने, दाखिला नगरेको हकमा  दाखिला गर्न लगउने र सो मा ऐनको दफा ११९ बमोजिम ब्याज समेत गणना गरी कर दायित्व यकिन गर्ने स्पष्ट कानूनी प्रावधान अनुसार प्रत्यर्थी कार्यालयबाट भएका अग्रिम कर निर्धारण सम्बन्धि निम्न विषयहरुमा निम्नानु हुने देखिन आयोः-

<u>**क ) महिला कर्मचारीलाई १० प्रतिशत छुटः–**</u>

महिला कर्मचारीहरुको तलवी बिबरणमा लाग्ने करमा १० प्रतिशतले घटी कर तिर्ने गरी  सुविधा दिएकोलाई प्रत्यर्थिहरुले अमान्य गरी दम्पत्ति सुबिधा लिएका महिला कर्मचारिले उक्त सुविधा नपाउने भन्ने अर्थमा कर निर्धारण गरेको देखियो । ऐनको अनुसूचि-१ को दफा १-११_ मा महिला कर्मचारीको आयकरमा लाग्ने करमा १० प्रतिशतले छुट पाउने भन्ने स्पष्ट ब्यबस्था गरेको देखिन्छ । महिलाहरुमा उद्यमशिलता बृद्धिहोस र आत्मनिर्भरता कायम हुन सकोस भन्ने समेतको अभिप्रायले बिधायिकाले दिएको यसप्रकारको सुविधालाई अन्यथा अर्थ गरी कर सुविधाबाट बन्चित गर्नु बिशेष संरक्षणको संबैधानिक मान्यता तथा सम्बन्धित कानुनी ब्यबस्था बिपरित हुन जान्छ । आयकर निर्देशिका २०६६ (संशोधन २०६८) को पृष्ट १५४ मा उदाहरणसहित सो सुविधा दिन मिल्ने गाइडलाइन आन्तरिक बिभागबाट जारी भएको स्थितिमा दम्पति सुविधा लिएका महिला कर्मचारिहरुले थप १० प्रतिशत कर छुटको सुविधा नपाउने भन्नु न्याय संगत हुँदैन । कानुनको सम्बन्धित दफाको प्रतिवबन्धात्मक वाक्यांशमा यो यस्तो अवस्थामा नपाउने भनी स्षस्ट रुपमा ब्यबस्था गरेको अवस्थामा बाहेक कानुनमा लेखिएको ब्यबस्थालाई अन्यथा अर्थ गरी अर्थात दम्पत्ति सुविधा लिएका महिला कर्मचारीहरुले थप १० प्रतिशत कर छुट नपाउने भन्ने अर्थ गरी सो सुबिधाबाट बन्चित हुने गरी भएको उक्त निर्णय कानुन र न्यायका मान्य सिद्धान्त प्रतिकूल भएको देखिन आयो । अतः उक्त निर्णय उल्टी भइ पुनराबेदकले महिला कर्मचारीहरुलाई पारिश्रमिक रकम भुक्तानी गर्दा लाग्ने करका लाग्ने करमा

१० प्रतिशत कर छुट पाउने मान्यताका आधारमा पारिश्रमिक भुक्तानी गरेको कानुन सम्मत नै देखियो ।

**ख ) पोशाक खर्चमा अग्रिम कर सम्बन्धमाः—**

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८(२) खण्ड (क), (ख) र (छ) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । पारिश्रमिक आयको कर निर्धारण गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशत का दरले कर लगाएको हद सम्म मिलेको नदेखिदा यसरी कर नलगाई प्रत्येक कर्मचारीको ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ ।

**ग ) लेखापरीक्षण र अन्य शूल्कमा अग्रिम कर कट्टीः-**

लेखा परीक्षण खर्च लेखा परीक्षण कार्य सम्पन्न गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्दा भएका सम्झौताका शर्त अनुसार खर्च हुने देखिन्छ । सम्झौतामा उल्लेख भएका शर्त अनुसारका सवै रकम लेखा परीक्षकको सुविधा अन्तर्गत पर्ने र यी रकमहरु भुक्तानी गर्दा ऐनको दफा ८८ (१) अनुसार अग्रिम कर कट्टी गर्न पर्ने देखिदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

**(घ) दफा १२० (क) को शुल्क सम्वन्धमा–**

पुनरावेदकले अग्रिम कर कट्टि गर्नु पर्ने रकम फरक परेको एवं अग्रिम कर कट्टि गर्न छुट भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको व्याज र दफा १२०(क) बमोजिम शुल्क लाग्न सक्दैन भनी जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा आयकर ऐन २०५८ को दफा ११९ को उपदफा (३) अनुसार अग्रिम कर कट्टि गरेको रकम वा अग्रिम कर कट्टि नगरेको भए पनि कट्टि गर्नु पर्ने समयमा सो कर कट्टि गरेको मानिने रकम भुक्तानी गर्नेले अग्रिम कर कट्टी वापतको रकम दाखिला नगरेमा व्याज लाग्ने देखिन्छ । कानूनमा भएको व्यवस्था विपरित अग्रिम कर कट्टि गर्नु पर्ने रकम नगरेमा वा कट्टि गर्न छुट भएमा व्याज लाग्न हुँदैन भनी पुनरावेदकले लिएको जिकिरसँग

सहमत हुन सकिएन । पुनरावेदकले लिएको दोस्रो जिकिर अग्रिम कर कट्टि गर्न छुट भएको वा दाखिला नभएको वा कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन ।

१४. अतः स्थायी लेखा नं. ५०००६१९०३ भएका पुनरावेदक करदाता एभरेष्ट बैंक लिमिटेडको आ.व. २०६७/०६८ को अग्रिम कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०७२।०६।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।११।२६ मा भएको निर्णयमा महिलाको पारिश्रमिक आयमा लाग्ने करमा १० प्रतिशत छुट नदिई गरेको निर्णय र आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । पोशाक खर्च रकमको आय कायम गरी अग्रिम कर कट्टी भाग गर्दा २५ प्रतिशतको दरले माग गरेको निर्णय मिलेको नदेखिंदा बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्ने बुझि ज-जसको जे जति आय कायम हुने हो सो आय कायम अनुसार लाग्ने कर रकम मात्र माग गर्नु भनी शुरू कार्यालयमा पठाउने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिल बमोजिम गर्नु ।

**तपशिल**

पुनरावेदक करदाता एभरेष्ट बैंक लिमिटेडको आ.व. २०६७/०६८ को अग्रिम कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०७२।०६।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।११।२६ मा भएको निर्णयमा महिलाको पारिश्रमिक आयमा लाग्ने करमा १० प्रतिशत छुट नदिई गरेको निर्णय र आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । पोशाक खर्च रकमको आय कायम गरी अग्रिम कर कट्टी भाग गर्दा २५ प्रतिशतको दरले माग गरेको निर्णय मिलेको नदेखिंदा बदर गरी दिएको छ । अब जो जे बुझ्नु पर्ने बुझि ज-जसको जे जति आय कायम हुने हो सो आय कायम अनुसार लाग्ने कर रकम मात्र माग गर्नु भनी फैसला भएकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा

अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू.............................................................................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू...................................................................................................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.....................३

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
फाँट

इतिसम्बत २०७५ साल चैत्र १७ गतेरोज १ शुभम......